नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : ०७७/०७८ चलानी नं. : ५६३

मितिः- २०७८/०३/३०

विषयः- *वित्तीय समानीकरण अनुदानको प्रयोग सम्वन्धमा ।*

श्री स्थानीय तह सबै ।

प्रस्तुत विषयमा अर्थ मन्त्रालय, वित्तीय सङ्घीयता समन्वय महाशाखाको च.नं. १२१ मिति २०७८/०३/२७ को छायाँनाथ रारा नगरपालिका, गमगढी, मुगुलाई सम्वोधन गरी यस मन्त्रालयलाई प्राप्त वोधार्थ पत्र यसैसाथ संलग्न छ । व्यहोरा सोही पत्रवाट अवगत गर्नु भई पत्रमा उल्लेख भएको विषयको सम्वन्धमा आवश्यक कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ ।

(गोविन्द के.सी.)
शाखा अधिकृत

*वोधार्थः*
श्री सूचना तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः
मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।

सिंहदरवार, काठमाण्डौं (+९७७)-(१) ४२०००००, ४२००३२३
सन्देश सूचना बोर्डः १६१८०१४२००३०९, इमेलः info@mofaga.gov.np वेबसाइटः http://www.mofaga.gov.np

यो.अ.
६३६
३।३०

नेपाल सरकार

# अर्थ मन्त्रालय

## वित्तीय सङ्घीयता समन्वय महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- वि. सं. स. २०७७/०७८
च. नं.:- ९२१

मिति : २०७८/३/२७

विषयः वित्तीय समानीकरण अनुदानको प्रयोग सम्बन्धमा ।

श्री छायाँनाथ रारा नगरपालिका,
गमगढी, मुगु ।

तहाँ नगर कार्यपालिकाको प.सं.२०७७/७८, च.नं.१८६० को पत्रबाट नेपाल सरकारले उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको रकमलाई करार सेवामा कार्यरत कर्मचारी (कार्यक्रम व्यवस्थापन, सरसफाई सहजकर्ता, सडक रक्षक, विद्यालय चौकिदार, खानेपानी चौकिदार आदि) को मासिक पारिश्रमिक भुक्तानी प्रयोजनका लागि खर्च गर्न मिल्ने नमिल्ने सम्बन्धमा द्विविधा परेकोले निर्देशनका लागि अनुरोध भई आएको सम्बन्धमा लेखिदैछ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा "प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्नेछ" भन्ने प्रावधान रहेको छ। सोही ऐनको दफा २८ मा अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनका लागि प्रयोग गर्नु पर्ने बाध्यात्मक व्यवस्था छ। विनियोजन ऐन, २०७७ को दफा ७ को उपदफा (२) र विनियोजन अध्यादेश, २०७८ को दफा ७ को उपदफा (२) मा समेत सोही प्रकारको व्यवस्था रहेको छ।

उपरोक्त कानूनी व्यवस्था अनुसार नेपाल सरकारबाट स्थानीय तहलाई उपलब्ध हुने वित्तीय समानीकरण अनुदानको रकमलाई प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न मिल्ने नदेखिएको र स्थानीय सरकारले आफ्नो प्रशासनिक खर्च आफ्नो अन्तरिक राजस्व तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट मात्र व्यहोर्नु पर्ने व्यवस्था गरेको हुँदा वित्तीय समानीकरण अनुदानको रकमबाट करार सेवामा मासिक पारिश्रमिक भुक्तानी गर्ने जस्तो प्रशासनिक खर्च गर्न नमिल्ने व्यहोरा मिति २०७८/३/२५ को निर्णय अनुसार अनुरोध छ।

२०७८।३।२८
(जानकी शाह)
शाखा अधिकृत

बोधार्थ
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सबै स्थानीय तहलाई जानकारी गराई दिनु हुन।

दर्ता नं.:- ९३६१
मिति:- २०७८।०३।२९

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)